"ललितपुरको समृद्धि र सुशासनको आधारः
सम्पदा, संस्कृति सहितको स्मार्ट सेवा र पूर्वाधार"

# ललितपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर, बागमती प्रदेश, नेपाल

# ललितपुर महानगरपालिकाको निर्माण सम्पन्न भवनको नियमित/अभिलेखीकरण गर्ने सूचना

**पुनः प्रकाशित मिति : २०८२/०४/१५**

मिति २०८२/०३/२९ गतेको ७ औं नगर सभाबाट यस महनगरपालिकाभित्र प्रचलित कानून बमोजिम नक्सा स्वीकृत गरी वा नगरी निर्माण भएका तथा स्वीकृत नक्सामा हेरफेर, परिवर्तन वा थपघट गरी निर्माण भएका संरचनाहरुलाई नियमित/अभिलेखीकरण गर्न ६ महिना म्याद थप गर्ने निर्णय भए बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यहि मिति २०८२/०४/१८ गतेदेखि मिति २०८२/१०/१७ गते कार्यालय समयभित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी Hardcopy-१ सेट सहित विद्युतीय प्रणाली eBPS (www.lsmcebps.gov.np) मार्फत् निवेदन पेश गर्नुहुन सूचित गरिन्छ । म्याद नाघेर पेश हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन । थप जानकारीको लागि यस महानगरपालिकाको eBPS प्रणाली हेर्नुहुन वा शहरी विकास योजना महाशाखामा सम्पर्क गर्न समेत अनुरोध गरिन्छ ।

## तपसिल

**भवन नियमित/अभिलेखीकरणका लागि पेश गर्नुपर्ने कागजातहरू**

**प्रारम्भिक चरणमा :**

| | | |
|---|---|---|
| १. | जग्गा धनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि | १ प्रति |
| २. | चालू आर्थिक वर्षसम्मको घरजग्गा कर तिरेको रसिदको प्रतिलिपि | १ प्रति |
| ३. | नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | १ प्रति |
| ४. | कित्ता नम्बर स्पष्ट भएको नापीको प्रमाणित नक्सा | १ प्रति |
| ५. | इन्जिनियरको नेपाल इन्जिनियरिङ परिषदको प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ६. | मञ्जुरीनामा लिई भवन अभिलेखीकरण गर्ने भएमा नक्सावालाले सम्बन्धित वडा अध्यक्ष वा तोकिएको सदस्यको रोहवरमा भएको मञ्जुरीनामाको सक्कल | १ प्रति |
| ७. | भवन अभिलेखीकरण हुने जग्गामा पुग्ने बाटो प्रष्ट नभएमा बाटो प्रमाणित हुने गरी वडा कार्यालयको सिफारिस (गुठीको जग्गा भए बाटोको लागि कित्ता काट नहुने तर फिल्डमा बाटो भए गुठी संस्थाको सिफारिस) | १ प्रति |
| ८. | नक्सावाला आफू उपस्थित हुन नसक्ने भएमा एकाघरको व्यक्ति वा कानून बमोजिमको अधिकार प्राप्त व्यक्तिको वारेसनामा र निजको नागरिकताको प्रमाणित प्रतितिपि | १ प्रति |
| ९. | जग्गाको सक्कल साइट प्लान (Site Plan) | १ प्रति |
| १०. | घरको फोटोहरु (सम्भव भएसम्म चारै दिशाको र घर नम्बर समेत देखिने गरी) | १ प्रति |
| ११. | भवनको सबै तल्लाको कूल क्षेत्रफल खुल्ने Footprint | १ प्रति |
| १२. | साविक गा.वि.स./नगरपालिका हुँदा स्वीकृत नक्शा तथा प्रमाणपत्र (भएको हकमा मात्र) | १ प्रति |
| १३. | भवन नियमित/अभिलेखीकरण ऐन, २०८१ दफा १० अनुसार भवन निर्माण मिति खुल्ने कागजातहरु | १ प्रति |

**संस्थागत भवनको लागि पेश गर्नु पर्ने थप कागजातहरू**

१४. माथि उल्लेखित सबै कागजातहरु सँगै तपशिलमा उल्लेखित कागजातहरु

| | | |
|---|---|---|
| क) | उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ख) | कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ग) | प्रबन्ध-पत्र तथा नियमावलीको प्रतिलिपि | १ प्रति |
| घ) | महानगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि | १ प्रति |
| ङ) | संस्थाको निर्णयको प्रतिलिपि | १ प्रति |